# शान्ति खबर

पाक्षिक बुलेटिन

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) नेपालगंजको प्रकाशन, वर्ष २, अंक २२, १०-२० मंसिर ,२०६१



यसभित्र

- युद्धको मारमा बालबालिकाहरु.....
- बृद्धबृद्धाको पनि शान्तिकै.....
- पुजापाठ गर्न कहिले शान्ति.....


# निर्दोष मारिए तर क्षतिपूर्ति पाइएन

## बाँकेको सिक्टामा सुरक्षाफौजद्वारा मारिएका दुइ निर्दोष सर्वसाधारणका परिवारले अहिलेसम्म क्षतिपूर्ति पाएका छैनन्

दामोदर भण्डारी

दहनी र बुधनीका आँखा अझै ओभाएका छैनन् । न रातमा निद्रा छ न त दिनमा भोक नै । लोग्नेमान्छे बाटोमा हिडेको देख्ने बित्तिकै दुबैले आफ्ना श्रीमानलाइ सम्झन्छन् र रुन थाल्छन् ।

"मान्छेहरु बाटोमा ओहोर दोहोर गरेको देख्दा श्रीमान आए कि भनी हेर्न जान्छौ तर हुँदैनन्, मरेको मान्छे कहाँ पो आउँथ्यो र" दुबैले आँशुका धारा चुहाउँदै भने ।

बाँके जिल्लाको खासकुश्मा गाविस-१ प्रेमनगर सिक्टाका दिलबहादुर डांगीको घरमा विगत ३ वर्षदेखि मजदुरको रुपमा काम गर्दै आएका बैजापुर गाविस -२ वेलासपुर निवासी धनिराम चौधरी र जोरीलाल चौधरी एकै चिहान भएपछि दहनी र बुधनीका आँखा अहिलेसम्म पनि ओभाउन नसकेका हुन् ।

गत अशोज १३ गते सुरक्षाफौजले माओबादी विरुद्ध कारवाही गर्ने क्रममा ती मजदुर दाजुभाइको मृत्यु भएको थियो । सुरक्षाफौजले मजदुर दाजुभाइलाई नियन्त्रणमा लिइ गोली हानेर हत्या गरेको मानवअधिकारबादी र सञ्चारकर्मिले सार्वजनिक गरेको स्थलगत प्रतिवेदनले देखाएको छ । सो घटनामा ५ माओबादी मारिएका थिए ।

मृतकका परिवारहरु अहिले विचल्लीमा परेका छन् । नाताले देउरानी र जेठानी पर्ने दहनी र बुधनीलाई छोराछोरी कसरी पाल्ने र पढाउने भन्ने चिन्ताले सताएको छ । तिन छोरी र एक छोराकी आमा दहनी भन्छिन् "छोराछोरी सानै छन् कमाउनेलाई मारीदिए कसले पालिदिने होला यिनीहरुलाई ।"

आफ्नो अगाडि श्रीमान्को हत्या गरेको देखेकाले बुधनी आजभोली पनि रातमा झस्कन्छिन् । "बारीमा मकैको नल खेरेर आगो लगाउँदै हुनुहुन्थ्यो हामी कमैया हौ भनेर हात उठाउँदा पनि उहाँलाई प्रहरीले सुताएर मार्‍यो अहिले मेरो यो गति छ , कसले स्याहारी दिने होला छोरछोरीलाई" दुइ सन्तानकी आमा बुधनीले पिडा पोख्दै भनिन् "सँधै बुवासंग सुत्न बानी परेकोले छोराले मसंग सुत्न (बाँकी ६ पेजमा)